# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालीकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं. :- ६१५

मिति :- २०७५/७/१९

**विषय- कविता एवं निबन्ध प्रतियोगिता सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (१ देखि ९ सम्मका सबै)
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंको च.नं. ४४१, मिति २०७५/७/१५ को पत्र साथ संलग्न पत्र थान- ३ (तीन) यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । पत्रबाट व्यहोरा अवगत गरी तहाँ वडा भित्र रहेका विद्यालयहरुलाई निबन्ध प्रतियोगिता तथा कविता प्रतियोगिता सम्बन्धि जानकारी गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

..........................
टीकाराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं. +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Webssite : www.dakshinkalimun.gov.np

# जिल्ला समन्वय समितिको कार्यालय
काठमाडौं ।

☎ ०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६९७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या :- २०७५/०७६
चलानी नं.:- ४४१

मिति २०७५/०७/१५

**विषयः- कविता एवं निवन्ध प्रतियोगिता सम्वन्धमा ।**

श्री काठमाडौं महानगरपालिका
श्री शंखरापुर नगरपालिका
श्री कागेश्वरी मनोहरा नगरपालिका
श्री गोकर्णेश्वर नगरपालिका
श्री वुढानीलकण्ठ नगरपालिका
श्री टोखा नगरपालिका
श्री तारकेश्वर नगरपालिका
श्री नागार्जुन नगरपालिका
श्री चन्द्रागिरी नगरपालिका
श्री कीर्तिपुर नगरपालिका
श्री दक्षिणकाली नगरपालिका
काठमाडौं ।

उपर्युक्त सम्वन्धमा आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौंको मिति २०७५/०७/१५ च.नं. ३७ को पत्र यसैसाथ संलग्न गरि पठाइएको छ, व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई तहाँ स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा सो को जानकारी गराईदिने व्यवस्थाका लागि अनुरोध छ ।

(पीताम्बर अधिकारी)
जिल्ला समन्वय अधिकारी

**वोधार्थः**
श्री आन्तरिक राजश्व विभाग
लाजिम्पाट, काठमाडौं ।

दर्ता नं. ३६८
८।१५


नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२, ४४१५८०३, ४४१९७१९, ४४१४५६४
फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np
E-mail: Monitoring ird@ird.gov.np


प.सं : २०७५/०७६
च.नं: ३८

मिति: २०७५।०७।१५

श्रीमान् प्रमुख ज्यू,
जिल्ला समन्वय समिति,
काठमाडौं ।

विषय: कविता प्रतियोगितामा सम्बन्धमा ।

उपरोक्त विषयमा यस विभागले मिति २०७५ मंसिर १ गते आयोजना हुने सातौं राष्ट्रिय कर दिवस, २०७५ को अवसरमा उपत्याकाव्यापी उच्च माध्यमिक/कलेज स्तरीय कविता वाचन प्रतियोगिता आयोजना गरेकोले उक्त प्रतियोगितामा सहभागिता जनाउन काठमाडौं उपत्यका भित्रका उच्च मा.वि./कलेजबाट कक्षा उच्च मा.वि. देखि स्नातक तह सम्मका १ जना छात्र र १ जना छात्रा गरी बढीमा २ जना सम्मको नामावली यही कार्तिक २५ गते भित्र आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा आइपुग्ने गरी पठाउन काठमाडौं उपत्यका भित्रका उच्च मा.वि./कलेजहरूमा सूचना सम्प्रेषण गरी सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ । कविता वाचन प्रतियोगिता यही कार्तिक २६ गते दिनको ठीक १:०० बजेदेखि आन्तरिक राजस्व विभाग, लाजिम्पाटको सभाहलमा सञ्चालन हुनेछ । सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: रू.२५,०००।०० (अक्षेरूपी पच्चीस हजार रूपैयां), रू.२०,०००।०० (अक्षेरूपी बीस हजार रूपैयां) र रू.१५,०००।०० (अक्षेरूपी पन्ध्र हजार रूपैयां) नगद पुरस्कार सहित प्रशंसा पत्रको व्यवस्था गरिएको छ । सो पुरस्कार र प्रसंशा पत्र यही २०७५ मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको विशेष समारोहमा वितरण गरिनेछ ।
यस सम्बन्धि सार्वजनिक सूचना मिति २०७५।०७।१४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भइसकेको छ । साथै, उक्त सूचना यस विभागको website **www.ird.gov.np** मा समेत हेर्न सकिने छ ।

प्रतियोगितामा भाग लिन आउंदा निम्न कागजातहरू लिई आउनुपर्ने छ :
१. विद्यालयको सिफारिस पत्र,
२. विद्यार्थीको परिचय पत्र,
३. वाचन गर्ने कविताको Hard Copy ।

२०७५।०८।१५
............................
(ताराप्रसाद सापकोटा)
निर्देशक

दर्ता नं. ३६५
६।१५


नेपाल सरकार
# अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग

फोन नं. ४४१५८०२, ४४१५८०३, ४४१६७११, ४४१४५६४
फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np
E-mail: Monitoring ird@ird.gov.np


प.स : २०७५/०७६
च.नं: 36

मिति: २०७५।०७।१५

नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग

श्रीमान् प्रमुख ज्यू,
जिल्ला समन्वय समिति,
काठमाडौं ।

विषय: निबन्ध प्रतियोगितामा सम्बन्धमा ।

उपरोक्त विषयमा यस विभागले मिति २०७५ मंसिर १ गते आयोजना हुने सातौं राष्ट्रिय कर दिवस, २०७५ को अवसरमा शीर्षकहरू १)"समृद्ध नेपाल निर्माणमा करको महत्व" २) "कर परिपालनामा करदाताको भूमिका" ३) "कर र नागरिक" मध्ये प्रतियोगिता सञ्चालन हुने दिन विभागले तोकेको कुनै एक शीर्षकमा निबन्ध लेख्नुपर्ने गरी माध्यमिक र उच्च माध्यमिक विद्यालय स्तरीय समय सीमाबद्ध निबन्ध लेखन प्रतियोगिता आयोजना गरेकोले उक्त प्रतियोगितामा सहभागिता जनाउन काठमाडौं उपत्यका भित्रका विद्यालय वा कलेजबाट कक्षा ९ देखि १२ सम्मका १ जना छात्र र १ जना छात्रा गरी बढीमा २ जना सम्मको नामावली यही कार्तिक २५ गते भित्र आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा आइपुग्ने गरी पठाउन काठमाण्डौं जिल्ला भित्रका माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूमा सूचना सम्प्रेषण गरी सहयोग गरि दिनु हुन हार्दिक अनुरोध छ । निबन्ध प्रतियोगिता यही कार्तिक २६ गते दिनको ठीक ११.०० बजेदेखि १२:०० बजेसम्म आन्तरिक राजस्व विभाग, लाजिम्पाटको सभाहलमा सञ्चालन हुनेछ । सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: रू.२५,०००।०० (अक्षेरूपी पच्चीस हजार रूपैयां), रू.२०,०००।०० ( अक्षेरूपी बीस हजार रूपैयां) र रू.१५,०००।०० (अक्षेरूपी पन्ध्र हजार रूपैयां) नगद पुरस्कार सहित प्रशंसा पत्रको व्यवस्था गरिएको छ । सो पुरस्कार र प्रसंशा पत्र यही २०७५ मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको विशेष समारोहमा वितरण गरिनेछ ।
यस सम्बन्धि सार्वजनिक सूचना मिति २०७५।०७।१४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भइसकेको छ ।

प्रतियोगितामा भाग लिन आउंदा निम्न कागजातहरू लिई आउनुपर्ने छ:
१. विद्यालयको सिफारिस पत्र,
२. विद्यार्थीको परिचय पत्र ।

सन्दर्भ सामाग्रीहरूमा आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, भन्सार तथा अन्य कर सम्बन्धी विषयमा प्रकाशित पुस्तकहरू तथा कर सम्बन्धी विविध प्रकाशनहरू हुनेछन् । निबन्ध प्रतियोगिता सम्बन्धि सूचना तथा सन्दर्भ सामाग्रीहरू विभागको वेभसाइट www.ird.gov.np मा हेर्न सकिने छ ।

........................
(तारा प्रसाद सापकोटा)
निर्देशक